कन्सुलर सेवा पुन शुरु हुने
अमेरिकी केन्द्र मे १ (वैशाख १८ गते) देखि पुनः खुल्ने

अमेरिकी दुतावासको कन्सुलर शाखाले मे १ देखि केहि निश्चित सेवाहरु प्रदान गर्ने भएको छ र मे १५ देखि पूर्ण रुपमा सेवाहरु प्रदान गर्ने छ। अमेरिकी सूचना केन्द्रमा अवस्थित पुस्तकालय चाहिं मे १ देखि नै खुल्ने छ। याक एण्ड यति होटल परिसर (पश्चिम खण्ड) मा रहेको कन्सुलर शाखा र पुस्तकालय गत अप्रिल १९ गते देखि काठमाडौंको अस्थिर सुरक्षा स्थितीका कारण बन्द गरिएको थियो।

मे १५ गते सम्मका लागि नयाँ दिल्ली स्थित अमेरिकी दुतावासमा भिसा अर्न्तवार्ताको समय लिइसकेकाले त्यसलाई कायम नै राख्न प्रोत्साहित गरिन्छ। उक्त मितिसम्मका नेपाली भिसा निवेदकहरुलाई नयाँ दिल्ली स्थित दुतावासले सेवा प्रदान गर्ने छ। काठमाडौं स्थित कन्सुलर शाखा बन्द गरिएपछि, नेपाली भिसा निवेदकहरुलाई नयाँ दिल्लीमा निवेदन गर्ने व्यवस्था गरिएको थियो।

नेबिल बैंकको महाराजगञ्ज शाखाले सोमवार मे १ बाट गैर-आप्रवासी भिसाको लागि आवेदन लिन थाल्नेछ र मे १५ बाट अर्न्तवार्ता शुरु हुनेछन्। पहिले नै आवेदन दिएका तर कन्सुलर शाखा बन्द भएर अर्न्तवार्ता हुन नसकेका र नयाँ दिल्लीमा अर्न्तवार्ता नगरिएका आवेदकहरुलाई कन्सुलर शाखाले नै सम्पर्क गर्नेछ। नयाँ दिल्लीमा अगस्ट महिनाका लागि अर्न्तवार्ता मिति लिएका आवेदकहरुले नेबिल बैंकको महाराजगञ्ज शाखामा गएर नयाँ अर्न्तवार्ता समय लिन सक्नेछन्।

कन्सुलर शाखाको मद्दत चाहने अमेरिकी नागरिकहरुले मे १ बाट कन्सुलर शाखामा सोमवार देखि शुक्रवार दिउँसो २:०० देखि ४:३० बजे सम्म सम्पर्क गर्न सक्नेछन्।

मे मा अर्न्तवार्ता भएका डि.भी. विजेताहरुले तुरुन्त कन्सुलर शाखा ४४४-५५७७ मा संपर्क गर्नुहोला किनभने उहाँहरुको अर्न्तवार्ता अगाडिको समयमा सार्न सकिनेछ।

ट्रेजरी चेक लिने महानुभावहरुले मे १ देखि ५ सम्ममा कुनै पनि समय र त्यसपछि भने मंगलवार २:०० बजे पछि मात्र संपर्क गर्नुहोला।

कन्सुलर शाखा सोमवार देखि शुक्रवार विहान ८ देखि साँझ ५ बजे सम्म खुल्ने गर्दछ। अमेरिकी केन्द्र पुस्तकालय सोमवार देखि शुक्रवार विहान ११ देखि साँझ ६ बजे सम्म खुल्ने गर्दछ।

भिसा र अन्य कन्सुलर शाखाका सेवाहरुको बारेमा जानकारी राजदूतावासको वेभसाइट http://nepal.usembassy.gov मा पाइन्छ।